# बैठक नं.७

आज मिति २०८२ पुष २४ गते बिहीबार दिनको १:०० बजे गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| | अध्यक्ष – श्री गजेन्द्र महर्जन | नगर प्रमुख |
| | सदस्य – श्री मुना अधिकारी | उप-प्रमुख |
| | सदस्य-सचिव – श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत |
| | सदस्य – श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं.१ |
| | सदस्य – श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं.२ |
| | सदस्य – श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं.३ |
| | सदस्य – श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं.४ |
| | सदस्य – श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं.५ |
| — | सदस्य – श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं.६ |
| | सदस्य – श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं.७ |
| — | सदस्य – श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं.८ |
| | सदस्य – श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं.९ |
| | सदस्य – श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं.१० |
| | सदस्य – श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं.११ |
| | सदस्य – श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं.१२ |
| | सदस्य – श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं.१३ |
| | सदस्य – श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं.१४ |
| | सदस्य – श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य |
| | सदस्य – श्री बिना नगरकोटी | कार्यपालिका सदस्य |
| — | सदस्य – श्री उमा खड्का | कार्यपालिका सदस्य |
| — | सदस्य – श्री राम माया नेपाली | कार्यपालिका सदस्य |
| — | सदस्य – श्री उमा बिशुंके | कार्यपालिका सदस्य |
| — | सदस्य – श्री रिता पुर्कुटी मिजार | कार्यपालिका सदस्य |
| | सदस्य – श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य |

CamScanner

एजेण्डा :

१. नगरसभाको कार्यसूची स्वीकृत गर्ने सम्बन्धमा ।
२. विनियोजन ऐन, २०८२ संशोधन सम्बन्धमा ।
३. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ सम्बन्धमा ।
४. करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप, महंगी भत्ता र योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धमा ।
५. आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित राजश्व आम्दानी प्रक्षेपण सम्बन्धमा ।
६. नगर प्रहरी बलको संगठन संरचना स्वीकृत तथा तहवृद्धि सम्बन्धमा ।
७. "घ"वर्गको निर्माण व्यवसायी ईजाजत पत्र जारी गर्ने सम्बन्धमा ।
८. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सार्वजनिक जग्गा उपलब्ध गराउन लेखी पठाउने सम्बन्धमा ।
९. रकम माग गर्ने सम्बन्धमा ।
१०. नगरपालिका क्षेत्रको फोहोर संकलनका लागि नगरपालिकाको सवारी साधन भाडामा उपलब्ध गराउने सम्बन्धमा ।
११. चालु आ.व.मा कार्यान्वयन हुने योजनालाई बहुवर्षीय योजनाको रुपमा स्वीकृत गर्ने सम्बन्धमा
१२. बालमैत्री वडा घोषणा सम्बन्धमा ।
१३. अख्तियारी दिने सम्बन्धमा ।
१४. सडक मापदण्ड सम्बन्धमा ।
१५. श्वेतबाराही मन्दिर निर्माणको Variation order -1 स्वीकृति गर्ने सम्बन्धमा ।
१६. नगर अस्पताल निर्माण बहुवर्षिय योजनाको रुपमा स्वीकृत गर्ने सम्बन्धमा ।
१७. नगर अस्पताल निर्माणको बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
१८. Sister City सम्वन्ध सम्बन्धमा ।
१९. वेरुजु संपरीक्षणका लागि सिफारिस गर्ने सम्बन्धमा ।
२०. विविध ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

CamScanner

निर्णय नं.१ नगरसभाको कार्यसूची स्वीकृत गर्ने सम्बन्धमा : छलफल गर्दा मिति २०८२/०९/२५ गते शुक्रबार दिनको १२:३० बजे बस्ने नगरसभाको देहाय बमोजिमको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

| १८ औं नगरसभाको कार्यसूची | | |
|---|---|---|
| | | २५ पुस २०८२ |
| क.सं. | विवरण | समय |
| १ | नगरसभा सदस्यज्यूहरुको आगमन/उपस्थिति | १०:३०-११:०० बजे |
| २ | सभाध्यक्षको बैठकमा प्रवेश, राष्ट्रिय गान, नगरसभाको कार्यवाही प्रारम्भ, समुद्घाटन | ११:००-११:१० बजे |
| ३ | सभाध्यक्षको संक्षिप्त उद्घाटन मन्तव्य | ११:१०-११:२० बजे |
| ४ | विधेयक टेबुल गर्ने<br>(क) विनियोजन ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक,२०८२<br>(ख) आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ | ११:२०-११:४५ बजे |
| ५ | छलफल र निर्णय/विधेयक पारित गर्ने | ११:४५-१:०० बजे |
| ६ | समापन | १:०० बजे |

निर्णय नं.२ विनियोजन ऐन, २०८२ संशोधन सम्बन्धमा : छलफल गर्दा विनियोजन ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक, २०८२ पारित गरी १८ औं नगरसभामा पेश गर्ने निर्णय गरियो संशोधन (अनुसूची-१) मा रहेको छ ।

निर्णय नं.३ संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ सम्बन्धमा : छलफल गर्दा गोदावरी नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४ करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप, महंगी भत्ता र योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धमा : छलफल गर्दा यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय एवम् अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत कर्मचारीहरुको २०८२ पुष मसान्तमा करार म्याद समाप्त हुने भएको र निजहरुको सेवा नगरपालिकालाई आवश्यक भएको हुँदा २०८२ माघ १ देखि २०८३ असार मसान्त सम्म अनुसूची-२ बमोजिमका करारका कर्मचारीहरुको करार म्याद थप गर्ने साथै तपशिल बमोजिम प्रचलित कानून समेतलाई मध्यनजर गर्दै सेवा सुविधा समायोजन गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

(क) मासिक रु.१९,५५०।- भन्दा कम सेवा सुविधा प्राप्त गर्ने पूर्णकालीन कर्मचारीको हकमा नपुग रकम थप गरी न्यूनतम पारिश्रमिक रु.१९५५०।- पुर्याइ उक्त रकमको ६० प्रतिशतको २० प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा सुविधा थप गर्ने निर्णय गरियो ।

(ख) रु.१९९५०।- न्यूनतम पारिश्रमिक खाईपाई आएका पूर्णकालीन करार सेवाका कर्मचारीको हकमा खाईपाई आएको तलब स्केल रकमको ६० प्रतिशतको २० प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा सुविधा थप गर्ने निर्णय गरियो ।

(ग) कार्यालय सहयोगी, सवारी चालक, सहायकस्तर एवम् सो भन्दा माथिका पूर्णकालीन करार सेवाका राष्ट्रसेवक कर्मचारीको खाईपाई आएको मासिक तलब स्केल रकमको ६० प्रतिशतको २० प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा सुविधा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित राजश्व आम्दानी प्रक्षेपण सम्वन्धमा** : छलफल गर्दा यस नगरपालिकाको राजश्व परामर्श समितिबाट तपशिल बमोजिम सिफारिस भई आएको आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित राजश्व आम्दानी तपशिल बमोजिम प्रक्षेपण गरी सबन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

| सि.नं. | शिर्षक नं. | आय शिर्षकको नाम | आ.व.०८१/०८२ को लक्ष्य अनुमान | आ.व.०८१/०८२ को यथार्थ आम्दानी | आ.व.०८२/०८३ को लक्ष्य अनुमान | आ.व.०८२/०८३ को पौष १५ सम्मको यथार्थ | आ.व.०८३/०८४ को लक्ष्य अनुमान |
|---|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | १०००००० | १४२६७९४०.७९ | ११०००००० | ७०६९३३७.२७ | ११०००००० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ३४००००० | ३२२४९८८.२२ | ३७४०००० | १८४९६१५.२ | ३७४०००० |
| ३ | ११३१७ | घर बहाल कर | २५०००००० | २३७२१३७९.२५ | २७५००००० | १२६४०९२१.७८ | २७५००००० |
| ४ | ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २५०००००० | २०२३५५५०.०० | २७५००००० | १४५९३६७५ | २७५००००० |
| ५ | १३३०६ | शिक्षातर्फको आय | ६००००० | ६३४७००.०० | ६६०००० | ४५०० | ६६०००० |
| ६ | १४१५१ | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | २५००००० | ५०९३५७७.५७ | २५००००० | १०१३६०२.५ | २५००००० |
| ७ | १४२१८ | विद्युत सेवा शुल्क | ० | ११७८५३.०० | ० | ४४३४३ | ० |
| ८ | १४२४२ | नक्सापास दस्तुर | २५०००००० | ३८६७८३०५.७६ | २७५००००० | ७८१५९५६ | २७५००००० |
| ९ | १४२४३ | सिफारिस दस्तुर | ३८०००००० | ३६८६००९५.०० | ४१८००००० | १३४९२०७६ | ४१८००००० |
| १० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७६५००० | ६५१८००.०० | ८४१५०० | ३५२२०० | ८४१५०० |
| ११ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३१३००० | ९१५००.०० | ३४४३०० | ५०९०० | ३४४३०० |
| १२ | १४२४९ | अन्य दस्तुर | ३०००००० | १८००६५२८.७० | ३३०००००० | ४७७७८३४.८२ | ३३०००००० |
| १३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १००००० | ५२१०००.०० | ११०००० | ५१९५०० | ११०००० |
| १४ | १४५२९ | अन्य राजस्व | १५००००० | ०.०० | ५०००००० | ० | ० |
| १५ | ११४७२ | विज्ञापन कर | १५००००० | ०.०० | १०००००० | १३९५२९८ | १०००००० |

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | ११४२१ | नगर विकास तथा पूर्वाधार कर | २७५००००००० | २८७१४४४४०.९४ | १९००००००० | ६१३९७२ | १९००००००० |
| जम्मा | | | ४३८६७८००० | २९,९३,२४,५३१.२९ | ४१,७४,९२,८०० | ६,६५,३३,७३१.५७ | ३६,७४,९२,८०० |

साथै आ.व.२०८३/०८३ मा मालपोत कार्यालय ललितपुरबाट रजिष्ट्रेशन दस्तुर बापत रु.३५ करोड प्राप्त हुने अनुमान गर्दै सोही अनुसारको प्रक्षेपण गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ नगर प्रहरी बलको संगठन संरचना स्वीकृत गर्ने तथा तहवृद्धि सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।**

**(क) नगर प्रहरी बलको संगठन संरचना देहाय बमोजिम स्वीकृत गर्न नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।**

| क.सं. | पद | संख्या |
|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | १ |
| २ | नगर प्रहरी सहायक निरीक्षक | ३ |
| ३ | नगर प्रहरी वरिष्ठ हवल्दार | १ |
| ४ | नगर प्रहरी हवल्दार | ५ |
| ५ | नगर प्रहरी सहायक हवल्दार | ११ |
| ६ | नगरी प्रहरी जवान हेभी सवारी चालक | ३ |
| ७ | नगर प्रहरी जवान | ८ |
| कूल जम्मा | | ३२ |

(ख) यस अघि नगर प्रहरी जवान पदमा विभिन्न सुरक्षा निकायबाट आएका नगर प्रहरीलाई जुन पदबाट आएको हो नगर प्रहरीको संगठन संरचना अनुसार सोही पद सरहको पदमा २०८३ वैशाख १ देखि लागु हुने गरी देहाय बमोजिमको योग्यताक्रम कायम गरी स्तरवृद्धि गर्ने ।

| क्र.सं. | नाम | हालको पद | अब कामय हुने पद |
|---|---|---|---|
| १ | हुम बहादुर बुढाथोकी | नगर प्रहरी व.हवल्दार | नगर प्रहरी सहायक निरीक्षक |
| २ | बाल प्रसाद अम्गाई | नगर प्रहरी जवान | नगर प्रहरी वरिष्ठ हवल्दार |
| ३ | रामेश्वर बस्नेत | नगर प्रहरी जवान | नगर प्रहरी हवल्दार |
| ४ | विश्वराम थापा | नगर प्रहरी जवान | नगर प्रहरी हवल्दार |
| ५ | श्याम कृष्ण पहरी | नगर प्रहरी जवान | नगर प्रहरी हवल्दार |
| ६ | गौतम खड्का | नगर प्रहरी जवान | नगर प्रहरी हवल्दार |
| ७ | कुमार सिल्वाल | नगर प्रहरी जवान | नगर प्रहरी हवल्दार |

(ग) विगत ३ वर्ष देखि यस नगरपालिकामा कार्यरत नगर प्रहरी जवान पदमा कार्यरत देहाय बमोजिमका नगर प्रहरी जवानलाई संगठन संरचना र दरबन्दी तेरिज अनुसार २०८३ वैशाख १ देखि लागु हुने गरी देहाय बमोजिमको योग्यताक्रम कायम गरी स्तरवृद्धि गर्ने ।

**मान बहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**

**गजेन्द्र महर्जन**
**नगर प्रमुख**

CamScanner

| क.सं. | नाम | हालको पद | अब कायम हुने पद |
|---|---|---|---|
| १ | सुमन नापित | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| २ | ओम बहादुर ज्यू ठकुरी | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| ३ | बिशाल पहरी | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| ४ | प्रदिप नगरकोटी | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| ५ | पुष्पराज पहरी | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| ६ | सृजना पहरी | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| ७ | निषम राई | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| ८ | लक्ष्मी बजगाई | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| ९ | नवीन बानिया | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| १० | राजिन थापामगर | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |
| ११ | भीम बहादुर तामाङ | नगर प्रहरी जवान | नगर प्रहरी सहायक हवल्दार |

(घ) दुई जना नगर प्रहरी सहायक निरीक्षक र २ जना नगर प्रहरी दमकल चालक भर्नाका लागि विज्ञापन गरिएकोमा नगर प्रहरी सहायक निरीक्षकको परीक्षा अन्तर्वार्ताको माध्यमबाट र हेभी सवारी चालकको परीक्षा अन्तर्वाता तथा सीप परिक्षणबाट गर्ने ।

**निर्णय नं.७ "घ"वर्गको निर्माण व्यवसायी ईजाजत पत्र जारी गर्ने सम्बन्धमा :** छलफल गर्दा प्राविधिक राय सिफारीसका आधारमा पेश हुन आएको देहाय बमोजिम निर्माण व्यवसायीको इजाजत पत्र जारी गर्ने निर्णय गरियो ।

(क) आदित्री इन्फ्राबिल्डर्स प्रा.लि., गोदावरी नगरपालिका-१२, ललितपुर, सञ्चालक : राजु बोहरा

(ख) बागमती फोर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., गोदावरी नगरपालिका-३, ललितपुर, सञ्चालक : गणेश बहादुर श्रेष्ठ, सुमन थापा मगर

(ग) सहज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., गोदावरी नगरपालिका-१२, ललितपुर, सञ्चालक : पुरुषोत्तम घिमिरे

(घ) स्पारो इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि., गोदावरी नगरपालिका-१२ ललितपुर, सञ्चालकः सुरज बस्नेत

(ङ) श्री उग्रतारा निर्माण सेवा, गोदावरी नगरपालिका-७, ललितपुर, सञ्चालनः खडक सिंह ऐरी

**निर्णय नं.८ पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सार्वजनिक जग्गा उपलब्ध गराउन लेखी पठाउने सम्बन्धमा :** छलफल गर्दा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान हाल ललितपुर महानगरपालिका-५, लगनखेल ललितपुरमा रहेको र प्रतिष्ठान अन्तर्गत अस्पताल (पाटन अस्पताल) को विशिष्टिकृत सेवा विस्तार गर्न र शैक्षिक कार्यक्रम सञ्चालनार्थ जग्गा अपर्याप्त रहेको हुदा

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

CamScanner

प्रतिष्ठानको भौतिक पूर्वाधार तथा स्वास्थ्यसँग सम्बन्धित संरचना विकास गर्न कठिनाई भएको र यस नगरपालिकामा सार्वजनिक जग्गा उपलब्ध हुन सकेमा नगरपालिकामा अस्पताल, चिकित्साशास्त्र र जनस्वास्थ्यमाशास्त्रमा स्नातक एवम् स्नातकोत्तर तह साथै स्वास्थ्यसँग सम्बन्धित विविध विषयमा उच्च अध्ययन अध्यापन सञ्चालन गर्ने योजना रहेको भनी लेखी आएको हुँदा उक्त प्रयोजनका लागि यस नगरपालिकाको वडा नं.३ गोदावरीमा रहेको साबिक मार्बल खानीले प्रयोग गरिराखेको कार्यालय रहेको जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.९ रकम माग गर्ने सम्बन्धमा** : छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ मा देहाय बमोजिम योजनाहरु निर्माण गर्नका लागि लाग्ने लागत अनुमान रकमको ४० प्रतिशत रकम नगरपालिकाको स्रोतबाट हुने प्रतिबद्धता सहित बाँकी ६० प्रतिशत रकम जिल्ला समन्वय समितिको कार्यालय ललितपुरसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्नका लागि जिल्ला समन्वय समितिमा रकम माग गरी पठाउने निर्णय गरियो ।

| क्र. सं. | विवरण | नगरपालिकाको रकम | जिल्ला समन्वयनमा माग गर्ने रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | सरस्वती आधारभूत विद्यालय, गो.न.पा.-६, ललितपुर कम्पाण्डवाल निर्माण | २५,६०,०००।- | ३८,४०,०००।- | ६४,००,०००।- |

**निर्णय नं.१० नगरपालिका क्षेत्रको फोहोर संकलनका लागि नगरपालिकाको सवारी साधन भाडामा उपलब्ध गराउने सम्बन्धमा** : छलफल गर्दा विगतका वर्ष देखि नै यस नगरपालिकाको नाममा रहेको बा १ ग २८४९ नम्बरको सरकारी टिप्पर नगरपालिका क्षेत्रको फोहोर संकलनका लागि सिर्जनसीप सेवा प्रा.लि.ले. भाडामा लिई प्रयोग गरिरहेकोमा चालु आर्थिक वर्ष २०८२/०८३ मा पनि उक्त प्रा.लि.ले सवारी साधन आवश्यक परेको भनी संझौताका लागि लेखी पठाएकोमा गत आर्थिक वर्ष २०८१/०८२ मा भएको वार्षिक संझौता रकम रु.३,३०,०००।- को १० प्रतिशतले हुन आउने रकम भाडा वृद्धि गरी वार्षिक जम्मा रु.३,६३,०००।- (तीन लाख त्रिसठ्ठी हजार) मा उक्त सवारी साधन भाडामा लगाउने निर्णय गरियो ।

**निर्णय नं.११ चालु आ.व.मा कार्यान्वयनमा रहेका योजनालाई बहुवर्षीय योजनाको रुपमा स्वीकृत गरी सञ्चालन गर्ने सम्बन्धमा** : यस नगरपालिकामा सञ्चालित देहाय बमोजिमका योजनाहरु निर्माण सामाग्रीको उपलब्धताका कारण चालु आ.व.मा सम्पन्न हुन नसक्ने देखिएको हुँदा बहुवर्षीय योजनाको रुपमा स्वीकृत गरी सञ्चालन गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

CamScanner

(क)यस गोदावरी नगरपालिकाको चालू आ.व.२०८२/०८३ को वार्षिक बजेटको संकेत नं.४७७.२२.१.५८५ अन्तर्गत छम्पी खानेपानी आयोजना गो.न.पा. ९ प्रदेश समपुरक ७०/३० शिर्षकमा रु.१,७५,००,०००।- र संकेत नं.४७७.२२.१.१५२० खर्च शिर्षक नं.३११५६ बागमती प्रदेश-समपुरक अनुदान पुँजीगत अन्तर्गत छम्पी खानेपानी आयोजना वडा नं.९ शिर्षकमा रु.७५,००,०००/- विनियोजन भइ जम्मा रु.२,५०,००,०००/- बजेट बिनियोजन भएकोमा उक्त कार्य गर्नको लागि जम्मा रु.२,९८,९६,६४८।०५ बराबरको लागत अनुमान तयार भएकोले उक्त योजनालाई स्रोत व्यवस्थापनका कारण बहुवर्षीय योजनाको रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ बालमैत्री वडा घोषणा सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।**

(क)यस नगरपालिकाको वडा नं.९ लाई २०८२ माघ १५ गते बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने ।

(ख)वडा नं.९ लाई बालविवाहमुक्त वडा घोषणाका लागि अनुमति प्रदान गर्ने ।

(ग) वडा नं.९ लाई बालश्रममुक्त वडा घोषणा गर्नका लागि अनुमति प्रदान गर्ने ।

**निर्णय नं.१३ अख्तियारी दिने सम्बन्धमा :** यस नगरपालिकाको कार्यालय र नगरपालिका कार्यालय अन्तर्गत वडा कार्यालय उपर दर्ता भएका सबै प्रकारका मुद्दा मामिलाहरु तथा कानुनी काम कार्वाही गर्ने सन्दर्भमा तत् सम्बन्धी निकाय अड्डा अदालत लगायतका कार्यालयहरुमा फिराद पत्र, प्रतिउत्तर पत्र, मेलमिलाप, रिट निवेदन, लिखित जवाफ, वारेश नियुक्ति लगायत पर्न आउने जुनसुकै काम कार्वाही गर्न यस नगरपालिकाका प्रमुख कानुनी सल्लाहकार अधिवक्ता श्री बाल मुकुन्द घिमिरे र कानुनी सल्लाहकार अधिवक्ता श्री प्रकाश महर्जनलाई दिने निर्णय गरियो ।

**निर्णय नं.१४ सडक मापदण्ड सम्बन्धमा :**

(क) राष्ट्रिय राजमार्ग अन्तर्गत रहेको NH37 (कन्तिलोकपथ) टिकाभैरव-छम्पी-भैसेपाटी-एकान्तकुना सडक खण्डको मापदण्ड सडकको केन्द्र रेखाबाट दायाँबायाँ दुवैतिर ३१ मिटर कायम हुने उल्लेख भएकोमा उक्त सडक २०७६/०२/०६ को मन्त्रिपरिषद्को निर्णय हुनु पूर्व बाटोको केन्द्र रेखाबाट ११ मिटर र २ मिटर सेट ब्याक तोकिएको देखिँदा उक्त सडक खण्डमा ललितपुर महानगरपालिकाले समेत साविक अनुसारको केन्द्र रेखाबाट ११ मिटर र २ मिटर सेट ब्याक लागू गरेको अवस्था रहेकोले हाललाई साविक बमोजिम कै केन्द्र रेखाबाट ११ मिटर र २ मिटर सेट ब्याक हुने निर्णय गरियो ।

(ख) त्यसै गरी काठमाण्डौ उपत्यका भित्रका नगरपालिका र नगरउन्मुख गा.बि.स. हरुमा गरिने निर्माण सम्बन्धि मापदण्ड २०६४ अनुसार आर्टेरियल सडक भित्र पर्ने सडकको केन्द्र रेखाबाट दायाँबायाँ ११/११ मिटर कायम रहेको सातदोबाटो-ठैब हुँदै गोदावरी कुण्डसम्मको बाटो र सातदोबाटो-ठेचो हुँदै लेले सरस्वती कुण्डसम्मको बाटोको मापदण्ड सडकको केन्द्र रेखाबाट हाललाई दायाँबायाँ ८/८ मिटर लागु गर्ने निर्णय गरियो ।

**गजेन्द्र महर्जन**
**नगर प्रमुख**

**मान बहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**

**निर्णय नं.१५ श्वेतबाराही मन्दिर निर्माणको Variation order-1 स्वीकृति गर्ने सम्बन्धमा :** यस नगरपालिकाको आ.ब.२०८०/०८१ को नगरस्तरीय योजना अन्तर्गत Construction of Swetbarahi Temple at Godawari Municipality-14,Badegaun, Lalitpur, Contract ID No.: Godawarimu/lalitpur/W/NCB/49/080/081 कार्य गर्न श्री M/S Dharma Nirman Sewa, Kirtipur र यस कार्यालय बीच मिति २०८१/०६/०६ गते सम्झौता भई निर्माण कार्य भइरहेकोमा सम्झौता बमोजिमको BOQ मा काठको परिमाण अपुग भएको र केहि Item हरु छुट हुन गएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम-११८ को उपनियम -२ बमोजिम देहाय अनुसार Variation order -1 स्वीकृति गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| शुरु लागत अनुमान | रु.२,०३,५३,६४८।४९ (भ्याट र कन्टिन्जेन्सी बाहेक) |
| संशोधित लागत अनुमान | रु.२,५२,८२,०४१।६८ (भ्याट र कन्टिन्जेन्सी बाहेक) |
| शुरु संझौता रकम | रु.१,११,२९,१३३।५०(भ्याट र कन्टेजेन्सी बाहेक) |
| भेरिएसन पश्चात् कायम हुन् आउने सम्झौता रकम | रु.१,३७,८६,०४०।६५ (भ्याट र कन्टिन्जेजेन्सी बाहेक) |

**निर्णय नं.१६ नगर अस्पताल निर्माण बहुवर्षिय योजनाको रुपमा स्वीकृत गर्ने सम्बन्धमा :** यस नगरपालिकाको वडा नं.१२ ठेचो साविक ठेचो गा.वि.स. वडा नं.६ स्थित कित्ता नं.५६ क्षेत्रफल ९-०-०-० को जग्गामा नगर अस्पताल निर्माण गर्ने कार्यपालिकाको निर्णय बमोजिम उक्त अस्पतालको DPR निर्माण भैसकेको र जग्गा प्रासिको प्रक्रिया अन्तिम चरणमा रहेकोले यथाशिघ्र DPR बमोजिम अस्पतालको Block B भवन निर्माणको DPR बमोजिम लागत अनुमान लागत अनुमान रकम रु.१४,११,६५,७१०।७५ (With VAT and PS) रहेको अस्पतालको Block B भवनलाई बहुवर्षिय योजना स्वीकृत गरी बोलपत्र आह्वानको लागि सूचना प्रकाशन गर्न मिति २०८२/०५/१६ गतेको नगर प्रमुखस्तरिय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७ नगर अस्पताल निर्माणको बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा :** यस गोदावरी नगर कार्यपालिकाको निर्णय बमोजिम गोदावरी नगरपालिकाको नगर अस्पतालको Block B भवन निर्माण गर्नको लागि बहुबर्षीय योजना स्वीकृत भए बमोजिम Construction of Block-B building of Municipal Hospital at Godawari Municipality-१२, Thecho, Lalitpur (Godawarimun/lalitpur/W/NCB/ ०१/०८२/८३) कार्य गर्न यस नगरपालिकाले मिति २०८२/०५/१९ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचानाअनुसार तोकिएको समय भित्र e-GP system:-bolpatra.gov.np/egp मार्फत पेश हुन आएका विभिन्न १० वटा बोलपत्रदाताहरुको प्राविधिक तथा आर्थिक प्रस्तावहरुको यस नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा M/S Shiva Khimti Construction Pvt. Ltd., Jadibuti-३२, Kathmandu ले पेश गरेको बोलपत्र न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको र

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

CamScanner

निजले कबोल गरेको रकम रु.१०,०५,३३,७११।७० (With VAT and PS) नगरपालिकाको लागत अनुमान रु.१४,११,६५,७१०।७५ (With VAT and PS) भन्दा -२८.७८५ ले घटी भएकोले M/S Shiva Khimti Construction Pvt. Ltd., Jadibuti-३२, Kathmandu ले पेश गरेको बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८ Sister City सम्बन्ध सम्बन्धमा :** गोदावरी नगरपालिका, बज्रबाराही, नेपाल र Wyndham City Council, मेलबर्न, अष्ट्रेलिया बीच अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्ने उद्देश्यले दुवै नगरपालिकाबीच Friendship City सम्बन्ध स्थापना भएको जानकारी गराउँदै आगामी दिनमा Sister City सम्बन्ध विकास गर्ने आधार तयार गर्ने निर्णय गरियो। उक्त सम्बन्ध मार्फत दिगो सहरी विकास, मानव संशाधन आदान-प्रदान, पर्यटन प्रवर्द्धन र संस्थागत क्षमता अभिवृद्धि लगायतका क्षेत्रमा आपसी सहकार्य तथा उत्कृष्ट अभ्यासको आदान-प्रदान गर्दै रणनीतिक साझेदारी अघि बढाइने निर्णय गरियो।

**निर्णय नं.१९ बेरुजु संपरीक्षणका लागि सिफारिस गर्ने सम्बन्धमा :** यस नगरपालिकाको आ.व.२०७३/७४ देखि २०८०/८१ सम्मको महालेखा परीक्षकको प्रतिवेदनबाट औंल्याइएका बेरुजुहरुको दफावार छलफल गरि बेरुजु संपरीक्षणको सिफारिसको लागि पेश भएको विवरण सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२० विविध**

(क) यस नगरपालिकाको वडा नं.१० को वडा कार्यालय रहेको भवनका सटरहरु खाली रहेकोले उक्त सटरहरुको राजश्व परामर्श समितिको सिफारिस बमोजिम मासिक रु.१,५०,०००।- (एक लाख पचास हजार मु.अ.कर बाहेक) दररेट कामय गरी १५ दिने आय ठेक्का वन्दोवस्त गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिकाको वडा नं.३ मा रहेको गोदावरी कुण्ड मन्दिरमा रङ लगाउँदै गरेको र हाल रङ लगाउने क्रममा खर्च नपुग भएको हुँदा रु.२,५०,०००।- (दुई लाख पचास हजार मात्र) उपलब्ध गराइदिनुहुन भनी वडा नं.३ को कार्यालयको चलानी नं.९१७, मिति २०८२/०८/१५ को पत्रबाट माग भई आएको हुँदा नगरसभाबाट अनुमोदन गर्ने गरी चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रमको पर्वसंस्कृति शिर्षकबाट रु.२,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

(ग) नेपाल जेन-कयोकुशिन कराँते संघको सक्रियतामा यस नगरपालिकाका विभिन्न विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई India Kyokushin Karate Association (AIKKO) को Payaradanga, Nadia District मा हुने कराँते प्रतियोगितामा सहभागी हुन जाने १४ जना खेलाडीलाई प्रोत्साहन गर्न आर्थिक सहयोग माग भई आएकोले आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रमको खेलकुद शिर्षकबाट नेपाल जेन-कयोकुशिन कराँते संघ ललितपुरलाई रु.७५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**मान बहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**

**गजेन्द्र महर्जन**
**नगर प्रमुख**

## गवदावरी नगरपालिकाको १८औं नगरसभा[illegible]धनका लागि पेश भएका योजना तथा कार्यक्रमहरु

| क.सं. | संकेत | साबिकको कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजित रकम | क.सं. | संशोधित कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २६२ | ४७७.२२.१.२४८ | दसघर नेवार बस्ती सडक निर्माण वडा नं. १४ | १०००००० | १ | वाडेगाउँ प्रहरी प्रभाग भवन निर्माण | ३०००००० | १ लाख रकमान्तर |
| ३२८ | ४७७.२२.१.५११ | स्वेत वाराही नयाँ बस्ती जाने बाटो निर्माण वडा नं. १४ | १५००००० | | | | १ लाख रकमान्तर |
| ५८४ | ४७७.२२.१.२४५ | टैव सरस्वति मन्दिर निर्माण निरन्तरता वडा नं. १४ | १५००००० | | | | १ लाख रकमान्तर |
| ३३६ | ४७७.२२.१.३७६ | वडा कार्यालय अगाडीबाट चांगावाली जाने बाटो स्तरोन्नति वडा नं. | २०००००० | | | | १ लाख रकमान्तर |
| ३५९ | ४७७.२२.१.१६३ | भखानु नयाँ बस्ती बेलबासेको घर जोडने सडक वडा नं. १४ | १०००००० | | | | १ लाख रकमान्तर |
| २४४ | ४७७.२२.१.४७५ | हल्तीगाउँ जाने बाटो स्तरउन्नती वडा नं. १४ | १५००००० | | | | ३ लाख रकमान्तर |
| २७० | ४७७.२२.१.४५९ | कार्कीटार मुक्तिनाथ सडक स्तरोन्नती वडा नं. १ | २०००००० | | | | ३ लाख रकमान्तर |
| ६३० | ४७७.२२.१.६२९ | भुपेन्द्र स्मृती दशै फुटवल प्रतियोगिता संचालन वडा नं. २ | ३००००० | | | | ३ लाख रकमान्तर |
| २९८ | ४७७.२२.१.१५८ | लेलिनथोक ऐसेलुचौर किरियापुत्री भवनबाट तान्चिनटार जोड्ने बाटो निर्माण वडा नं. ३ | ३००००० | | | | ३ लाख रकमान्तर |
| ७४४ | ४७७.२२.१.७३९ | विपद् व्यवस्थापन वडा नं. ४ | ३००००० | | | | ३ लाख रकमान्तर |
| १४४ | ४७७.२२.१.३७ | विपद व्यवस्थापन | १०००००० | | | | १० लाख रकमान्तर |
| २३ | ४७७.२२.१.१५ | जेष्ठ नागरिक दिवा केन्द्र संचालन | १४००००० | | वडा नं. १४ का लागि रु. १ लाख बराबरको जेष्ठ नागरिक दिवासेवा केन्द्र वाडेगाउँ, ललितपुरलाई मिति २०८२-०९-०३ मा टिप्पणी सदर सहित कार्यादेश जारी | | |
| २५८ | ४७७.२२.१.२१९ | बदेली हुँदै चिस्यान केन्द्र जाने बाटो ढलान वडा नं. ५ | १५००००० | | लेले प्रहरीचौकी पुनःनिर्माणको लागि रु.८६२०००/- रकमान्तर | | |
| २६२ | ४७७.२२.१.२४८ | दसघर नेवार बस्ती सडक निर्माण वडा नं. १४ | १०००००० | | रु.१ लाख वाडेगाउँ प्रहरी प्रभाग पुनःनिर्माणको लागि रकमान्तर रकम रु.८१०००० बराबरको मिति २०८२-०८-२९ मा उपभोक्ता समितिसँग सम्झौता | | |
| ३२८ | ४७७.२२.१.५११ | स्वेत वाराही नयाँ बस्ती जाने बाटो निर्माण वडा नं. १४ | १५००००० | | रु.१ लाख वाडेगाउँ प्रहरी प्रभाग पुनःनिर्माणको लागि रकमान्तर | | |
| ५८४ | ४७७.२२.१.२४५ | टैव सरस्वति मन्दिर निर्माण निरन्तरता वडा नं. १४ | १५००००० | | रु.१ लाख वाडेगाउँ प्रहरी प्रभाग पुनःनिर्माणको लागि रकमान्तर | | |
| ४०४ | ४७७.२२.१.४४३ | सडक यातायात व्यवस्थापन एवम् फुटपाथ निर्माण | १००००००० | | नगर अस्पताल निर्माण निरन्तरता | २५०००००० | ५० लाख थप |
| १८८ | ४७७.२२.१.५७४ | नगर अस्पताल निर्माण निरन्तरता | २०००००० | | | | |
| ५५५ | ४७७.२२.१.११७ | टिकाभैरव मन्दिर पुनःनिर्माण वडा नं. ६ | १०००००० | | टिकाभैरव मन्दिर पुनःनिर्माण वडा नं. ६ | १५०००००० | ५० लाख थप |
| १४३ | ४७७.२२.१.९६ | कडा तथा दीर्घ रोग उपचार अनुदान | ६०००००० | १ | कडा तथा दीर्घ रोग उपचार अनुदान | ६८००००० | |
| १२२२ | ४७७.२२.१.११८३ | गर्भवती सुत्केरी महिलाहरुको स्वास्थ्य सुधारको लागी निः शुल्क क्याल्सियम वितरण | ८००००० | | | | |
| १५० | ४७७.२२.१.३०८ | मच्छिन्द्रनाथ मन्दिर भौतिक सुधार वडा नं. ७ | १०००००० | १ | कटुवालदह मच्छिन्द्रनाथ मन्दिर क्षेत्रमा सि.सि. क्यामेरा जडान सहित भौतिक सुधार वडा नं. ७ | १०००००० | |

| क्र.सं. | संकेत | साबिकको कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजित रकम | क्र.सं. | संशोधित कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६० | ४७७.२२.१.१३७ | जगत बहादुर स्मृति गुठी स्वास्थ्य कार्यक्रम | ३००००० | १ | पुकार्री पार्क उन्नती काठो स्तरोन्नति | ३००००० | |
| २१ | ४७७.२२.१.१४३ | स्काउट युनिट ड्रेस वितरण | ५००००० | २ | सामुदायिक विवाद व्यवस्थापन तालिम | ५००००० | |
| ४८२ | ४७७.२२.१.३३१ | बाला पोखरी स्तरउन्नती निरन्तरता वडा नं. ११ | २०००००० | १ | नारायण मन्दिर निर्माण वडा नं. ११ | १५००००० | |
| | | | | २ | बुद्ध पार्क स्तरोन्नति वडा नं. ११ | ५००००० | |
| ५९ | ४७७.२२.१.९१ | Japan Alumni Association Nepal (JAAN) साझेदारी कार्यक्रम | ५००००० | | Japan Alumni Association Nepal (JAAN) कार्यक्रम अनुदान | ५००००० | |
| ११५९ | ४७७.२२.१.१२०८ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ६५००००० | ३ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५०००००० | |
| | | | | ४ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | १५००००० | |
| ३५ | ४७७.२२.१.६१ | उनका पहिरन बुनाई गर्ने महिला उद्यमीका लागि सीपमुलक तालिम वडा नं. ३ र ४ | ५००००० | १ | हस्तकला तथा उनका पहिरन बुनाई सम्बन्धी तालिम गोनपा-४ | ५००००० | |
| ४४ | ४७७.२२.१.१०७ | सबै वडाका पिछडिएका महिलाका लागि उद्बोषण तालिम | ७००००० | १ | अगुवा महिलाहरुका लागि उद्घोषण तालिम | ३००००० | |
| | | | | २ | ब्युटीसियन तालिम | २००००० | |
| | | | | ३ | जातिगत भेषभुषा सम्बन्धी तालिम | २००००० | |
| ४६ | ४७७.२२.१.१२९ | लप्सीको खाद्य सामग्री उत्पादक महिला तथा युवा उद्यमीका लागि सीपमुलक तालिम वडा नं. १, ४ र ७ | ५००००० | १ | लप्सी माडा उत्पादक समूहलाई तालिम गोनपा-७ | २००००० | |
| | | | | २ | पाउँ उत्पादन सम्बन्धी तालिम तथा प्रविधि गोनपा-१ | २००००० | |
| | | | | ३ | लप्सी क्याण्डी उत्पादन तालिम गोनपा-१२ | १००००० | |
| ५३ | ४७७.२२.१.१२० | महिला उद्यमीहरुका लागि उद्योग सञ्चालनका लागि लागत साझेदारीमा वस्तुगत टेवा | ४०००००० | १ | कोशेलीघर व्यवस्थापन | १०००००० | |
| | | | | २ | महिला विद्यालयमा अध्ययनरत महिलाहरुका लागि क्षमता तथा सीप विकास तालिम | ५००००० | |
| | | | | ३ | सिस्नु, बेसार प्रवर्द्धन तथा प्रशोधन कार्यक्रम | ५००००० | |
| | | | | ४ | मागको आधारमा महिला उद्यमी साझेदारी कार्यक्रम | २०००००० | |
| ३२ | ४७७.२२.१.४९ | महिलाहरुलाई साइबर क्राइम सम्बन्धी सचेतना कार्यक्रम | ५००००० | १ | महिलाहरुलाई साइबर क्राइम सम्बन्धी सचेतना कार्यक्रम | ३००००० | |
| | | | | २ | दलित महिलाहरुका लागि कुक तथा वरिस्ता तालिम | २००००० | |
| ६४ | ४७७.२२.१.३९ | महिला सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन | २०००००० | १ | महिला सुरक्षित आवासगृहमा आवश्यक पूर्वाधार निर्माण | २०००००० | |
| २७ | ४७७.२२.१.१४२ | उपप्रमुख इसिडी शिक्षक तालिम कार्यक्रम | ३००००० | १ | गृहिणी महिला सशक्तिकरण कार्यक्रम | ३००००० | |
| ३० | ४७७.२२.१.१३४ | उपप्रमुख सुत्केरी महिला भेटघाट कार्यक्रम | ५००००० | १ | विभिन्न इभेन्ट व्यवस्थापन तथा डेकोरेशन | ५००००० | |
| २८ | ४७७.२२.१.३ | छहारी नेपाल संगको सहकार्यमा युवा व्यवसायी प्रवर्द्धन कार्यक्रम | २०००००० | १ | छहारी नेपालसँगको सहकार्यमा युवा व्यवसायी डिजिटल मार्केटिङ तालिम | ५००००० | |
| | | | | २ | मन्टेश्वरी तालिम | ५००००० | |
| | | | | ३ | कपाल काट्ने Barber Salon तालिम | ५००००० | |
| | | | | ४ | एकल महिला अभिमुखीकरण तथा टेवा कार्यक्रम | ५००००० | |
| १८२ | ४७७.२२.१.४३७ | किटिनी मा.वि.भवन निर्माण वडा नं. ३ | २५००००० | १ | किटिनी मा.वि.भवन निर्माण स्थलमा पहिरो नियन्त्रणका लागि पर्खाल निर्माण | २५००००० | |

मान बहादुर खड्का
प्रमुख